जिल्ला विकास समिति प्यूठान

समक्ष

पेश गरिएको आ.व. २०७२/०७३ को तेस्रो चौमासिकमा संचालित

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

<u>प्रतिवेदन पेश गर्ने</u>

**कल्पना जि.सी**

**सहजकर्ता**

***मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र***

***खलंगा प्यूठान***

***मिति : २०७३ आषाढ २२ गते***

## १. पृष्ठभूमी :

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनलाई नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०६८/०१/१२ को निर्णय अनुसार स्वीकृत "स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७" जारी गरिएको छ।

स्थानीय निकायबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने उद्देश्यले **जिल्ला विकास समितिको कार्यालयको आयोजना तथा मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रको सहजीकरणमा जिल्ला विकास समितिको कार्यालयको आ.व. २०७२/०७३ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम** २०७३ आषाढ १४ गते श्री माण्डवी उ.मा.वि नयांगाउँ गा.वि.स.को जसपुरमा सम्पन्न गरियो। कार्यक्रममा उठेका बिभिन्न जिज्ञासा तथा सवालको जवाफ स्थानीय विकास अधिकारी शिव प्रसाद रेग्मीका साथै अन्य विषयगत कार्यालयका प्रमुखहरुले दिएका थिए। उक्त कार्यक्रम प्रमुख जिल्ला अधिकारी श्री जनकराज पन्तको संरक्षकको भुमीका रहेको थियो भने सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्यका विषयमा जिल्ला विकास समितिका सुचना अधिकृत लक्ष्मण आचार्यले प्रकाश पार्नु भएको थियो। मल्लरानी ग्रामिण विकास सरोकार केन्द्रका निवर्तमान अध्यक्ष श्री  विजय कुमार श्रेष्ठले सार्वजनिक सुनुवाई कार्यक्रमको आचार संहिताको विषयमा प्रकाश पार्नु भएको थियो। उक्त कार्यक्रममा उठेका सवालको टिपोकर्ताका रुपमा स्थानीय शासन उत्तरदायी सयन्त्र र मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रको साझेदारीमा संचालित स्थानीय निकायको कानुनी तथा नीतिगत व्यवस्था पालना अनुगमन कार्यक्रमका कार्यक्रम संयोजक कृष्णमाया रिजाल, जवाफदेहि अधिकृतहरु रिता भण्डारी, कपिल श्रेष्ठ ,प्रकाश पोखेलले गर्नु भएको थियो भने कार्यक्रम संचालन तथा सहजीकरण कल्पना जि.सी तथा  श्रीधर भट्टराईले संयुक्त रुपमा गर्नु भएको थियो। सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भई दिने र कार्यक्रममा सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिन चाहान्छौ।

## <u>सार्वजनिक सुनुवाई गर्ने संस्था वा व्यक्ति</u>

**आयोजक :** जिल्ला विकास समितिको कार्यालय, प्यूठान

**सहजिकरण :** मल्लरानी ग्रामीण विकास सरोकार केन्द्र, स्थानिय निकायको कानूनी तथा नीतिगत व्यवस्था पालना अनुगमन कार्यक्रम।

**कार्यक्रम संचालक :** श्रीधर भट्टराई र कल्पना जि.सी.

**कार्यक्रम आयोजना स्थल :** श्री माण्डवी उ.मा.वि. नयाँगाउ जसपुर ,

**कार्यक्रम मिति :** २०७३ आषाढ १४ गते ।

**समय :** दिनको ११.३० बजे

**कार्यक्रम संचालन गरिएको समयावधि :** ४ घण्टा

**संरक्षक :** प्रमुख जिल्ला अधिकारी, जनकराज पन्त

**उपस्थिति :**

- राजनीतिक दलका प्रमुख/प्रतिनिधि
- विभिन्न विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु
- वडा नागरिक मञ्चका संयोजक/सदस्यहरु
- उपभोक्ता समितिका अध्यक्ष/पदाधिकारी/सदस्यहरु
- स्थानीय संघसस्थाका प्रमुख/प्रतिनिधिहरु
- सहकारी/समुह/सञ्जाल/क्लवका प्रमुख/प्रतिनिधिहरु :
- अन्य आमन्त्रितहरु ।

**कार्यक्रम (क्रमश) :**

- आसन ग्रहण ।
- कार्यक्रमको उद्देश्यको वारे जानकारी ।
- आचार संहिता बारे जानकारी ।
- कार्यक्रमको आवश्यकता र महत्व बारे जानकारी ।
- जिल्ला विकास समिति द्धारा यस चौमासिकमा संचालन गरेको गतिविधि बारे जानकारी ।
- प्रथम तथा दोश्रो चौमासिकमा गरेका सार्बजनिक सुनुवाई कार्यक्रममा भएका प्रतिबद्धता कार्यान्वयनका बारेमा छलफल ।
- बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनका क्रममा उठेका सवालहरु बारे छलफल ।
- सम्वन्धीत निकायबाट जवाफ
- सहभागीहरुका गुनासा टिपोट, सवाल र भनाईहरु प्रस्तुत
- सम्वन्धीत निकायबाट जवाफ
- कार्यक्रमको निष्कर्ष सहित समापन ।

**उठेका सवाल र जवाफहरु ः**

बर्हिगमन (Exit Poll) संकलनका क्रममा संकलन भएका सवाल तथा जवाफहरु

| क्र. सं. | सवालहरु | जवाफदेहि व्यक्ति, कार्यालय वा संस्था | जवाफ, | कैफियत |
|---|---|---|---|---|
| १ | योजनाको अन्तिम भुक्तानी लिन आउँदा सेवाग्राहीको समयको ख्याल राख्नु पर्ने । | स्थानीय विकास अधिकारी | भुक्तानी लिन आउदा सवै कागजपत्र नपुगेको र समयमै नआएकोले । गत वर्षदेखि नगरपालीका ,जि.वि.स र को.ले.नि.का. सिधै भुक्तानी नदिने हुनाले प्रक्रिया पुराएर आएमा भुक्तानी तुरुन्त हुन्छ । | |
| २ | कार्यालयको शौचालय फोहर भएको । | स्थानीय विकास अधिकारी | भरिएको शौचालय सफा गर्ने मेसिन क्यु मा भएको, पानीको समस्या, सेवाग्राही बढी आउने भएकोले यस्तो भएको हो र यसको विकल्पमा  थप २ वटा शौचालय खोलीएको छ । | |
| ३ | हेल्प डेस्कको व्यवस्था गर्नुपर्ने । | स्थानीय विकास अधिकारी | हेल्प डेस्कको व्यवस्था भएको तर स्थान अभाबका कारणले नदेख्ने ठाउंमा भएको हुनाले । अब देखिने स्थानमा राख्नेछौ । | |
| ४ | आर्थिक सहयोग लिन आउँदा लामो समय पर्खाउने र काम गर्न झन्झटिलो मान्ने । | स्थानीय विकास अधिकारी | आर्थिक सहयोग माग गर्न आउदा सवै डकुमेन्ट पु-याई आएमा तोकिए अनुसार आर्थिक सहयोग दिने गरेको । | |
| ५ | संस्था दर्ता /नविकरणको बारेमा बुझ्न आउँदा सम्बन्धित व्यक्तिलाई भेटाउन र सुचना दिन पनि गाहो मान्ने । | स्थानीय विकास अधिकारी | गुनासो सुन्ने अधिकारी र कार्यालय प्रमुखसंग सोध्न सकिने र शाखा प्रमुख नहुदा अन्य कर्मचारीबाट पनि काम हुने गरेको छ । | |
| ६ | समयमा बिल भुक्तानी नदिने | स्थानीय विकास अधिकारी | आबश्यक कागजपत्र मिलाएर आएमा समयमै विल भुक्तानी दिईने । | |
| ७ | कार्यालय समय भित्र कार्यालय प्रमुख तथा प्रत्येक फाटवालाका कर्मचारीहरु कार्यालय समयसम्म बस्नुपर्ने | स्थानीय विकास अधिकारी | जि.वि.स.ले अन्य कार्यालयसंग  पनि समन्वयात्मक रुपमा काम गर्ने जिम्मेवारी भएको  कारणले र कुनै कामका लागि सम्बँधित शाखामा बाहिर भएको कारणले हुनसक्छ । यदि त्यस्तो भएमा अन्य कर्मचारबिाट पनि काम हुने गरेको छ । | |
| ८ | सेवाग्राहीले कार्यालयसंग सम्बन्धित कुन बिषयमा सेवा लिन आएको हो सो को प्रकृया पुऱ्याई आउनुपर्ने । | स्थानीय विकास अधिकारी | सुचना माग्न आउंदा प्रक्रिया पुऱ्याएर माग गर्नु पर्छ र  सुचना अधिकारीको सम्पर्क नम्बरमा सम्पर्क गर्न सक्नु हुन्छ । सुचना विषयसंगक सम्बन्धीत हुनु पर्छ । | |

| क्र. सं. | सवालहरु | जवाफदेहि व्यक्ति, कार्यालय वा संस्था | जवाफ, | कैफियत |
|---|---|---|---|---|
| ९ | स्थानीय निकायले राखेको सुचना प्राप्त गर्न आउँदा समयमा सुचना दिन झनझटिलो गरेको । | स्थानीय विकास अधिकारी | कर्मचारीलाइ निर्देशन गर्ने । | |
| १० | कुनै योजना सम्झौता गर्न आउँदा घमण्ड व्यवहार देखाएको । | स्थानीय विकास अधिकारी | कर्मचारीहरुलाई सेवाग्राही प्रति मुस्कान सहितको सेवा प्रदान गर्न निर्देशन गर्ने प्रतिवद्धता गरेको । | |
| ११ | योजना माग गर्न आउँदा मुस्कान सहितको सेवा लागु नभएको । | स्थानीय विकास अधिकारी | जिल्लाको सवै काम जि.वि.स.ले गर्नु पर्ने र कामको भिडले गर्दा हुन सक्छ र हामीले सेवाग्राहीलाई मुस्कान सहितको सेवाका लागि सुधार गर्दै लैजाने । | |
| १२ | गा.वि.स को सचिवहरु कार्यालयमा नहुंदा जि.वि.स सम्म धाउनु पर्ने अवस्था । | स्थानीय विकास अधिकारी | जनशक्तिको कमीका कारण एउटा सचिवले २, ३ वटा सम्म गा.वि.स हेर्नुपर्ने र हरेक क्षेत्रको कार्यक्रममा गा.वि.स. सचिवको खोजी हुने भएकोले पनि हो । सम्बधीत गा.वि.स.सचिव  नभएमा अर्को व्यक्ति तोकि सेवा दिने गरेको छ । आजको आजै सिफारिस लिएर जाने र गा.वि.स. भवनमा उपस्थितिको आधारमा प्रोत्साहन  भत्ता दिईने र नबसेमा निकाशा रोक्का गर्ने निर्णय भएको छ । | |

**नागरिक प्रतिवेदन पत्र (**Citizen Report Card) सकंलनका क्रममा सकंलन भएका सवाफहरु

| क्र. सं. | सवालहरु | गा.बि.स | जवाफदेहि वक्ता | जवाफ | |
|---|---|---|---|---|---|
| १ | गाविसले दिएको् सेवासुविधा बारे सेवाग्राहीलाई कम जानकारी गराईएको । | नयागाउं, गा.वि.स | सचिव ( लिलाराम सोमै) | वडापत्र कार्यालयको गल्लीमा टासिएको, गा.बि.स बाट प्रदना गरिने सेवा सुविधाको बारेमा राजनैतिक दलहरु संग छलफल फ्लायस प्रिन्ट गल्लीमा राखेको ,सुचना पाटी, सुझाव पेटिकाको प्रयोग ,मासिक रुपमा भएको आम्दानी खर्च टांस गरेको र अन्य सवै प्रतिवद्धता पूरा गर्ने । | |
| २ | नागरिक वडापत्र बारे सेवाग्राहीलाई कम जानकारी भएको । | नयागाउ गा.वि.स. | सचिव (लिलाराम सोमै) | नागरिक वडापत्र टासिएको,यसको बारेमा गा.वि.स.का राजनैतिकदल वडानागरीक मञ्च ना.स.के विभिन्न समुह गा.वि.स. प्रतिनिधिहरु बोलाइ बैठक मा छलफल गर्ने गरेको । | |

| क्र. सं. | सवालहरु | गा.बि.स | जवाफदेहि वक्ता | जवाफ | |
|---|---|---|---|---|---|
| ३ | नागरिक वडापत्र सवै सेवाग्राहिले देख्ने ठाउँमा राख्नुपर्ने । | नयांगाउ गा.वि.स. | | बाहिर राख्दा बाटोमा हिड्ने मानिसहरुले च्यातिदिने, हावा पानी घामले फ्ल्यास प्रिन्ट विग्रीने भएकोले भवनको गल्लीमा राखिएको छ । | |
| ४ | सार्वजनिक सुनुवाई प्रकृयागत रुपमा नभएको । | उदयपुरकोट गा.वि.स. | | योजना स्थलमा परिक्षण गर्ने गरेको र आर्थिक वर्षको अन्तिममा बार्षिक समिक्षा गर्ने तर सार्बजनिक सुनुबाई छुट्टै नभएको र आगामी आ.ब देखि गर्ने प्रतिबद्धता गरेको । | |
| ५ | नागरिक गुनासो संयन्त्र नहुंदा गुनासो कम सुन्ने गरेको । (मौखिक मात्र) | तिराम गा.बि.स | गा.बि.स सचिब | लिखित मौखिक आउंदा प्रकृया अनुसार अगाडी बढाएको र समयमा समस्याको समाधान गर्ने र अवदेखि लिपिबद्ध गर्ने प्रतिवद्धता । | |
| ६ | सुझाब पेटिका ब्यबस्थित नभएको | रम्दी गा.वि.स. | सचिव | सुझाव पेटिका तयार हुदै छ र यहि आषाढ मसान्त भित्र राख्ने प्रतिवद्धता । | |
| ७ | वडा नागरिक मंच, नागरीक सचेतना केन्द्र र अनुगमन समितिको कामको बारेमा अस्पष्ट भएको । | गोठिबाङ्ग गा.वि.स. | सचिव | वडानागरिक मञ्च ,नागरिक सचेतना केन्द्र,अनुगमन समितिको गठन म आउनुभन्दा अगाडी भई सकेको र अवका दिनमा गठन प्रक्रियालाई सवै जनता माझ जानकारी दिने प्रतिवद्धता गर्दछु । | |

**खुला सत्रबाट आएका प्रश्न र प्रश्नका जवाफहरु :**

| क्र. सं. | सवालहरु | प्रश्नकर्ता गा.बि.स | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १ | शान्ति समितिमा द्वन्द्ध पिडितका लागि गरेको सुचना द्वन्द्ध पिडितले मात्र सुचना दीन पाउने कि अरु नातेदारले पनि दिन पाइन्छ ? | लोकनाथ अधिकारी | प्र.जि.अ. । स्थानीय.शान्ति. समितिका पुर्व सयोजक बुद्ध बहादुर जी.सी. | द्वन्द्ध पीडितको लागि सुचनाको म्याद थप यहि श्रावण २ गते सम्म छ । यो सुचना सत्यनिरुपण तथा बेपत्ता आयोग मा लिखित उजुरी दिनुपर्छ । द्वन्द्ध पीडित अन्यत्र भएको अवस्थामा नजिकको नातेदारले किटानी प्रतिलिपि सहित निबेदन दिन सक्ने । |
| २ | जि.वि.स.मा पाइप माग गर्दा पार्टी प्रतिनिधिको सिफासमा पाउने हो या हामीले सिधै पाउने हो ? | लेखनाथ उपाध्याय | स्थानीय विकास अधिकारी | माग गर्दा सवै विषय खुलाएर सार्वजनीक कार्य र विद्यालय जस्ता स्थलमा दिने हो र हामीले सर्ब पक्षीय बैठक बोलाइ छलफल गरिसकेपछि दिने गरेको । |
| २ | रम्दी खैरा को विचमा झोलुगेपुल बनाउदा उपभोक्ता समिति नबनाई पुल सम्पन्न भएको | रम्दी गा.वि.स. टोपाराम आचार्य | स्था.वि.अ. / प्रमूख जिल्ला ईञ्जीनियर | आवश्यकता र प्रक्रिया भन्दा बाहिर गएर योजना सम्पन्न गरिएको छैन । कुनै पनि काम गर्दा उपभोक्ता समिति गठन गरेर मात्र गरिन्छ । |

| क्र. सं. | सवालहरु | प्रश्नकर्ता गा.बि.स | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| | बारीपारी बाटो छैन ? १०० मीटर बाटो विद्यार्थीहरु हिडेर जान्छन ? उपभोक्ता समिति गठन नवनाई ठेकेदार मात्र भएकोले यस्तो भएको हो ? | | | सम्बन्धीत पुलको हकमा केन्द्रबाट सम्झौता भई निर्माण भई तयार भएको हो । पुल हस्तान्तरण भएपछि समिति बन्छ । |
| ३ | स्वर्गद्धारी जोडने सडकको लागि समयमा पटक पटक धाउंदा नहुने सो काम अन्तिम अवस्थामा आउंदा सुरु भो अव सडक निर्माणको बजेट कसरी सकिन्छ या फ्रिज भएर जान्छ ? | नयागाउं गा.वि.स. उ.स.घ कोषाध्यक्ष रामचन्द पौडेल | सडक डिभिजन कार्यालय प्रमुख | सो योजना रातो किताबमा भएको र अहिले नयागाउ लामाचौर स्वर्गद्धारी ट्र्याक खोलिएको छ २५ वर्षीय ठेक्कामा बनाउने र ठेक्का प्रक्रियामा जाने । |
| ४ | एस.एल.सी को नतिजामा सवै विषयमा ६०% भन्दा माथि छ एउटामा ई ग्रेट आएको छ यस्तो रिजल्ट आएको विद्यार्थिले के पढन पाउछन ? | नयागाउं गा.वि.स दुर्गा बहादुर कार्की | जिल्ला शिक्षा कार्यालय जि.शि.अ कल्पना घिमिरे | ई ग्रेट आएकोले पुरक परिक्षा दिनुपर्ने र असार ९ गते सम्म फारा भर्ने समय छ र सो बिद्यार्थीलाई भर्न लगाउने । ६०% लाइ डी.मा राख्ने उ.मा.वि.परिषदले सुचना प्रकाशित गरेको छ । अव स्तर बृद्धि परिक्षा दिने GPA-0.6 आएका विद्यार्थीले Science/Math C+ आएका विद्यार्थीले English पढ्न पाउंछन । |
| ५ | नयांगाउ सालघारी पक्की पुल निमार्णको लागि के भैरहेको छ ? | नयागाउं गा.वि.स. शान्त ब. वली | सडक डिभिजन प्रमुख | सर्वे गरिसकेको छ , पुलको दाया बाया विवाद पनि छ ,क्रमागत योजनामा नपरेको हुदा कार्य संचालन भएको छैन । |
| ६ | कृषि विकास कार्यालयबाट पहेलो मकै को वीउ उत्पादन गरी बेच्ने गरेका थियौ अव सेतो मकैको वीउ रोप्ने कुरा आएको छ उत्पादन गर्न कृषि विकास कार्यालयबाट वीउ पाउने वा नपाउने के छ ? | नयांगाउ गा.वि.स. दुर्गा बहादुर कार्की | जि.कृषि विकास कार्यालय प्रमुख | वीउको लागि कार्यालयमा सम्पर्क राख्नुहोला । पहेलो मकै दानामा बढि प्रयोग हुने र मानिसलाई लाभदाय नहुने र सेतो मकैले मानविय लाभदाय हुने भएको सेतो मकै उत्पादन मा जोड दिएको हो । |
| ७ | जिल्ला पशुसेवा कार्यालयमा बोकालाई खसी पर्दा औषधि छ किन्नु पर्ने हो या त्यहीबाट पाईने ? | नयांगाउ गा.वि.स लक्ष्मण भट्टराइ | जिल्ला पशुसेवा कार्यालय प्रमुख शरण पाण्डे | जिल्लामा आएमा राजस्व १० रुपैयाको काटछौ अरु सवै औषधि निशुल्क उपलब्ध हुन्छ । यदि सेवाकेन्द्रमा हो भने राजस्व पनि काटनु पर्दैन र औषधि निशुल्क नै पाउनु हुन्छ किन्नु पर्दैन । |

| क्र. सं. | सवालहरु | प्रश्नकर्ता गा.बि.स | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| ८ | जथाभावि रुपमा बालुवा गीठ्ठी निकाशीले खोति योग्य जमिन नाश भएको छ नदिले कटान गरेको छ यसको सरक्षेण के हुन्छ ? | नयागाउ गा.वि.स नारायण पौडेल | स्थानिय विकास अधिकारी शिव प्रसाद रेग्मी | कहाबाट बालुवा गीठ्ठी निकाल्ने हो आइ .इ इ.सुचना निकाल्ने जहापाए तेहाबाट निकाल्ने गरेकोलाई राक्ने गरेको छ। र भिग्रीमा २ वटा प्वाइनटमा विवाद आएको ले आइ .इ इ मा ननिकालने आइ .इ इ.कहा कहा भएको छ र कति निकाल्ने पछि त्यी क्षेत्रलाई असर फुदैन त्यसको आधारमा निकाल्ने नगरिन्छ। |
| ९ | लामाचौर भ्फोलुगेपुल निर्माण गर्दा लागेको रकमको विल भूक्तानी नभएको। | नयांगाउ गा.वि.स डिल बहादुर रावल | मल्लरानी ग्रामिण विकास सरोकार केन्द्र नि.अध्यक्ष विजय कुमार श्रेष्ठ | मल्लरानी ग्रामिण विकास सरोकार केन्द्रले सहजीकरण मात्र गर्ने हो जि.वि.स.बाट भुक्तानी हुने हो। आन्तरिक राजस्वको कारणले गर्दा समयमै विल भुक्तानी नभएको जानकारी आएको। तत्काल कार्यालयमा सम्पर्क राख्नका लागि अनुरोध। |
| १० | भवनको कमी भएको विद्यालयलाइ ८ कोठे भवनको आवश्यक छ हामीले विद्यार्थीलाइ बाहिर चौरमा पढाउछौ, जि.शि.का बाट ४ कोठाको भवन आउछ अव ८ कोठाको भवन प्राप्त गर्न हामीले के गर्नु पर्ला ? | माण्डवी उ.मा.वि. नयागाउ प्राचार्य मेघराज पौडेल | जिल्ला शिक्षा कार्यालय जि.शि.अ .कल्पना घिमिरे | पहिले ,४,६,८ कोठाको भवन निमार्णका लागि दिन्थ्यो र आर्थिक वर्षमा सक्नु पर्छ। अव ४ कोठाको भवन निमार्ण गर्न मात्र दिने हो । मलाई मौखिक जानकारी अनुसार ६,८ कोठाको भवन निमार्ण जि.शि.का बाट गर्न नसक्ने जानकारी। |
| ११ | जि.शि.का बाहेक जि.वि.स. बाट भवन निमार्णमा सहयोगको व्यवस्था हुन्छ या हुदैन । | नयांगाउ प्रचार्य मेघराज पौडेल | स्थानीय विकास अधिकारी शिव प्रसाद रेग्मी | इलाका स्तरिय गोष्ठीबाट पहिलो प्राथमिकतामा वा १ नम्बर योजनामामा पार्नुपर्छ अनि .जि.बि.स बाट हुन्छ। |
| | उदयपुरकोटको हरेखोला खानेपानी मुल दर्ता भएको र यस वडालाई पुर्ण सरसफाइ र आनीबानीमा परिवर्तन घोषणा गरिएको थियो यस वडामा खानेपानीको समस्या छ लिफ्ट खानेपानीको माग राखेका छौ यो योजना कहिले सुरु भै कहिले पुर्णता पाउला ? | उदयपुरकोट गा.वि.स.वडा नागरिक मञ्चका संयोजक तुल बहादुर सोमै मगर | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय प्रमुख | यस बर्ष लिफट योजना नपरेको र आगामी वर्षमा पार्ने कुरा अहिले भन्न सकिदैन। |
| १३ | देविस्थान उदयपुरकोट सडक निमार्ण कहिले हुने हो ? | नयागाउं गा.वि.स. उ.बा.संघ | सडक डिभिजन प्रमुख | दुवै कार्यक्रम योजना आयोगबाट स्वीकृत हुनु पर्छ। प्रक्रिया सुरु भएको छ। ५०० मिटर ट्र्याग खोल्ने काम आषाढ मसान्त भित्र |

| क्र. सं. | सवालहरु | प्रश्नकर्ता गा.बि.स | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| | | का कोषाध्यक्ष रामचन्द पौडेल | | सकिन्छ । |
| १४ | सामुदायिक वनबाट काठको मुद्धा जिल्ला वन कार्यालयमा दिएका थियौ या मुद्धाको अहिले सम्म कुनै सुनुवााई भएन के भएको छ ? | नयागाउं गा.वि.स. देव बहादुर कवर क्षेत्री | जिल्ला वन कार्यालय प्रमुख | जिल्ला वन कार्यालयमा दर्ता भएका मुद्धा सवैको फैसला भएको र अहिले कुनै पनि मुद्धा दर्ता भएको छैन । मुद्धा कहिले दर्ता भएको हो सरकारी वकिल कार्यालय मार्फत सवै जानकारी गराउनु होला हामी अगाडी बढाउछौ । |

**निश्कर्ष :**

सार्बजनिक सुनुवाई कार्यक्रम विधिवत र कार्यबिधिका आधारमा भएको छ । जि.बि.स तथा अन्य निकायबाट संचालन भएका योजनाहरुका सम्बन्धमा आम नागरिकका गुनासाहरुको सुनुवाई, संबोधन, परिपालना र सेवा प्राप्त गर्ने विषयमा सेवाग्राहीहरु थप स्पष्ट तथा जानकार भएका छन् । स्थानीय निकायहरुले सार्वजनिक रुपमा विभिन्न उत्तरदायित्व वहन गर्नका लागि यस प्रकारका कार्यक्रमहरु संचालन गरी उपलब्ध स्रोतको न्यायोचित र प्रभावकारी वितरण गर्ने कार्यका लागि निर्णायक तह सम्म विपन्न वर्गको पहुँच अभिबृद्धी गर्ने उद्देश्यले जिल्लामा सार्बजनिक सुनुवाई कायक्रमले महत्वपूर्ण भूमिका खेलेको छ ।

**सहजकर्ताको दस्तखत :**